आज मिति २०८३ वैशाख १३ गतेका दिन कोल्हवी नगरपालिकाका नगर प्रमुख श्री राम प्रसाद चौधरी ज्यू को अध्यक्षतामा देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक वसी तपसिलको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**देहाय**

| क्र.स. | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | राम प्रसाद चौधरी | नगर प्रमुख | कोल्हवी ११ | |
| २ | लक्ष्मी कुमारी चौधरी | नगर उपप्रमुख | कोल्हवी ३ | |
| ३ | राजहरण चौधरी | वडा अध्यक्ष (वडा नं. १) | कोल्हवी १ | |
| ४ | गोपाल प्रसाद अधिकारी | वडा अध्यक्ष (वडा नं. २) | कोल्हवी २ | |
| ५ | किसुनदयाल चौधरी | वडा अध्यक्ष (वडा नं. ३) | कोल्हवी ३ | |
| ६ | विष्णु प्रसाद मैनाली | वडा अध्यक्ष (वडा नं. ४) | कोल्हवी ४ | |
| ७ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ५) | कोल्हवी ५ | |
| ८ | दिनेश प्रसाद चौधरी | वडा अध्यक्ष (वडा नं. ६) | कोल्हवी ६ | |
| ९ | सलाउदिन अंसारी | वडा अध्यक्ष (वडा नं. ७) | कोल्हवी ७ | |
| १० | अनुप सुवेदी | वडा अध्यक्ष (वडा नं. ८) | कोल्हवी ८ | |
| ११ | दल वहादुर चौधरी | वडा अध्यक्ष (वडा नं. ९) | कोल्हवी ९ | |
| १२ | कुन्जविहारी चौधरी | वडा अध्यक्ष (वडा नं. १०) | कोल्हवी १० | |
| १३ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ११) | कोल्हवी ११ | |
| १४ | मैनावती देवी दर्जी | नगर कार्यपालिका सदस्य | कोल्हवी ९ | |
| १५ | रनिया थरुनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| १६ | विमला कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | कोल्हवी १० | |
| १७ | मन्जु देवी महरा | नगर कार्यपालिका सदस्य | कोल्हवी ३ | |
| १८ | सिता सहनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ७ | |
| १९ | कपिलदेव ठाकुर | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| २० | जयनारायण सिंह चनउ | नगर कार्यपालिका सदस्य | कोल्हवी ५ | |
| २१ | राजकुमार दास सरभंग | नगर कार्यपालिका सदस्य | कोल्हवी १ | |
| २२ | रमेश श्रेष्ठ | नगर सचिव | कोल्हवी १ | |

CamScanner

प्रस्तावहरु

१. बकैया नदीको गिटी र बालुवा उत्खनन सम्बन्धी प्राप्त IEE प्रतिवेदन कार्यान्वयन सम्बन्धमा ।

२. नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा।

३. सशर्त अनुदानको लागि प्राप्त बजेट कार्यान्वयनको सम्बन्धमा ।

निर्णयः

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा देहाय बमोजिम निर्णय गरियो : यस कोल्हवी नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने बकैया नदीको बगर क्षेत्रबाट गिट्टी र बालुवा उत्खनन गर्ने सम्वन्धी IEE प्रस्ताव मधेश प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयबाट मिति २०८३/१२/२० मा स्वीकृत भई आएको हुँदा प्रतिवेदन कार्यान्वयनको लागि देहायबमोजिम गर्नेः

   स्वीकृत IEE प्रतिवेदनको बुँदा नं. ३.५ को "क. प्रयोग गरिने विधि र सामग्री" मा "निर्दिष्ट क्षेत्रबाट गिट्टी, बालुवाको सङ्कलन/उत्खनन कार्य स्थानीय जनशक्तिबाट हात र हाते औजारहरू जस्तै सावेल, हथौडा, कोदालो, गैंची आदिबाट गरिने, ठूला—ठूला मेसिनरी औजार, डोजर, स्काइभेटर आदि प्रयोग जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाको प्राविधिकको रोहवरमा मात्र गर्न" भन्ने उल्लेख भएको र डिभिजन वन कार्यालयको मिति २०८२/१२/२ मा प्राप्त सहमतिपत्रको बुदाँ नं. ६ मा अनिवार्य घाटगद्दी गर्नु पर्ने भनी उल्लेख भएको अवस्थामा असार १ गतेबाट नदीमा कुनै पनि गतिविधि गर्न नपाइने र समयावधि अत्यन्त कम रहेको हुँदा मेसिनरी औजार प्रयोग गर्न अनुमतिका लागि जिल्ला विपद् व्यवस्थापन समितिलाई अनुरोध गरी पत्राचार गर्ने।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा देहाय बमोजिम निर्णय गरियो : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/१/११ को पत्रसाथ संगठन तथा व्यवस्थापन सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ कार्यान्वयनको लागि प्राप्त भएको सन्दर्भमा नगरपालिकाको नियमित सेवा प्रवाह तथा मालपोत कार्यालयको सेवा समेत थप गर्ने गरी हालको दरवन्दी तथा संगठन संरचनामा संशोधन गर्न आवश्यक देखिएकोले उक्त मापदण्डको दफा ५ बमोजिम संगठन तथा व्यवस्थापन गर्न पूर्वस्वीकृति दिने साथै भूमि व्यवस्था तथा अभिलेख व्यवस्था विभागको मिति २०८३।०१।११ मा प्राप्त परिपत्र बमोजिम भूमि प्रशासन सम्वन्धी सेवा प्रवाह गर्न इच्छुक रहेको व्यहोरा खुलाई पत्राचार गर्ने ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देहाय बमोजिम निर्णय गरियो : यस आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारबाट सशर्त पूँजीगत अनुदान अन्तर्गत विभिन्न १३ वटा पूर्वाधार आयोजनाहरू (सडक स्तरोन्नति र भवन निर्माण/स्तरोन्नति) का लागि वजेट विनियोजन भएको थियो। तर खरिद (टेन्डर) प्रक्रिया समयमै नहुँदा आयोजना कार्यान्वयन शुरू हुन सकेको थिएन। यसबीच २०८२ भदौ २३ र २४ मा भएको जेन्जी आन्दोलनपछि अर्थ मन्त्रालयले जारी गरेको परिपत्र अनुसार कम प्राथमिकता र साना/टुक्रे आयोजनाहरूको वजेट रोक्का गरियो तथा रु. १० लाखभन्दा माथिका आयोजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्न नपाइने व्यवस्था गरियो। तथापी उक्त प्रतिबन्धविरुद्ध

CamScanner

सर्वोच्च अदालतले कार्यान्वयन नगर्नू नगराउनू यथास्थितिमा राखू भन्ने अन्तरिम आदेश समेत जारी गरिसकेको छ। २०८२ माघ १२ को पत्रबाट बजेट फुकुवा भए नभएको विषयमा अर्थ मन्त्रालयसँग स्पष्ट निर्देशन माग्दा प्रतिक्रिया प्राप्त भएन। यसबीच प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय यसै नगरपालिकामा रहेको र कर्मचारीहरू निर्वाचनमा खटिएका कारण प्रशासनिक काम प्रभावित भयो। पछि सहरी विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट बजेट खुला रहेको जानकारी प्राप्त भए पनि आर्थिक वर्षको अन्त्य नजिक आइसकेकाले टेन्डर प्रक्रिया सुरु गर्न समय अभाव भयो। नगरपालिकाले यो आर्थिक वर्षमा रू १० लाखभन्दा माथिका कुनै पनि आयोजना उपभोक्ता समितिबाट नगराएको अवस्थामा अब प्रस्तुत आयोजनाहरू इबिडिङ मार्फत प्रक्रिया शुरू गर्न अब समय छैन। फेरी, निकै जोडबलले ल्याइएको ति बजेट फ्रिज हुन दिने हो भने नगरको आवश्यकता त पुरा हुँदैन नै स्थानीय जनताको आकाँक्षामा समेत प्रतिकूल प्रभाव पर्न जान सक्ने देखिन्छ। यसको न्यायोचित र महत्तम उपयोगको वातावरण निर्माण गर्नु नगरपालिकाको क्षेत्राधिकार र कर्तव्यको विषय पनि हुन आउँछ। अतः सम्मानित सर्वोच्च अदालतको उत्प्रेषण आदेश, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा व्यवस्था भएको उपभोक्ता समितिबाट काम गराउने कार्यविधि; कोल्हवी नगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०८१ को नियम ११ मा भएको व्यवस्था समेतको आधारमा नेपाल सरकारले आन्तरिक ऋण उठाएर दिएको सशर्त अनुदानको रकम अपव्यय हुन नदिइ सार्वजनिक स्रोतको संरक्षण र महत्तम उपयोग गर्ने असल मनसायलाई आत्मसात गर्दै अत्यावश्यक र उचीत आयोजनाहरू कार्यान्वयन गर्नु नै बुद्धिमत्तापूर्ण र विवेकशील निर्णय हुने भएकोले वडा नं. १, ३, ५ र ८ का निर्धारित देहायका योजनाहरू मध्ये समयमै गुणस्तरीय ढंगले सम्पन्न गर्नसक्ने आयोजनाहरू उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने:

| क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलाप | विनियोजित रू. लाख |
|---|---|---|
| १ | बारा जिल्ला कोल्हवी नगरपालिका वडा न ३ जुअवा फुटबल फिल्ड देखी बिस्वनाथ महरा चमार को घर सम्म सडक स्तरोन्नति कार्य | २५ |
| २ | बारा जिल्ला कोल्हवी नगरपालिका वडा न ८ नयाँ बस्ति देखि काट नदि सम्म सडक स्तरोन्नति कार्य | २५ |
| ३ | बारा जिल्ला कोल्हवी नगरपालिका वडा न ८ नयाँ बस्ति देखी मधुबन सम्म सडक स्तर उन्नति | २५ |
| ४ | बारा जिल्ला कोल्हवी नगरपालिका वडा न ५ महेन्द्र राजमार्ग देखी बोधबन जाने सडक स्तरोन्नति कार्य | २५ |
| ५ | बारा जिल्ला कोल्हवी नगरपालिका वडा न ३ जुअवा फुट्बल फिल्ड देखि सरुफ चौधरी को घर सम्म सडक स्तरोन्नति कार्य | २५ |
| ६ | बारा जिल्ला कोल्हवी नगरपालिका वडा न ८ नयाँटोल देखी मलनि जोड्ने सडक स्तरोन्नति कार्य | २५ |

CamScanner

| क्र.सं. | कार्यक्रम/आयोजना/कियाकलाप | विनियोजित रू. लाख |
|---|---|---|
| ७ | बारा जिल्ला कोल्हवी नगरपालिका वार्ड नं:-१ मठवा तामागढी हुलाकी राजमार्ग हाइवे बाट शसस्त्र बेश क्याम्प जाने सडक स्तरोन्नति, | २५ |
| ८ | बारा जिल्ला कोल्हवी नगरपालिका वडा न ८ शान्तिटोल देखि दक्षिण तर्फ अधुरो सडक स्तरोन्नति कार्य | २५ |
| ९ | बारा जिल्ला कोल्हवी नगरपालिका वडा न ८ नागेश्वर माहादेब मन्दिर देखि शान्तिटोल जाने सडक स्तरोन्नति कार्य | २० |

**साथै निर्माण कार्य प्रभावकारी र गुणस्तरीय बनाउन निम्न थप शर्तहरू अनिवार्य पालना गर्ने गराउनेः**

१. सडक स्तरोन्नतिको नाउँमा माटो गिट्टी बालुव बिछ्याउने कार्यमा मात्र गर्न पाइने छैन। प्राविधिकले इस्टिमेट गरे अनुसार हुने गरी अनिवार्य रूपमा सडक ढलान गर्नुपर्ने छ। यस उद्देश्य विपरित काम गर्ने गरी उपभोक्ता समिति गठन हुनेछैन र सम्झौता विपरित काम गरेमा कुनै पनि भुक्तानी नदिइने।

२. स्थानीय स्तरमा Right of way वा अरू विषयमा विवाद भएको भए त्यस्ता आयोजना सञ्चालन नगरिने।

३. Single Project Basis मा निर्धारित योजनामा मात्र खर्च गर्ने गरी लागत अनुमान तयार गरिने छ। एउटाको बजेट अर्को कुनै segment मा खर्च गर्ने गरी लागत अनुमान गरिने छैन।

४. उपभोक्ता समितिमार्फत काममा लगाउँदा सार्वजनिक खरिद ऐन, २०६३, सोको नियमावली र कोल्हवी नगरपालिकाको सार्वजनिक खरिद नियमावलीको प्रक्रियाहरूको पूर्ण पालना गरिनेछ।

५. पेश्की रकम निकाशा हुन सक्ने छैन।

६. २०८३ असार १० गतेभित्र आयोजनाका सबै कार्य सम्पन्न गरी अनुगमन तथा गुणस्तर परीक्षण गराएर भुक्तानीको लागि पेश गरिसक्नु पर्नेछ। अनुगमनमा जिल्ला समन्वय समितिलाई समेत सहभागी गराइनेछ। भुक्तानीको लागि पेश गर्दा उपभोक्ता समितका पदाधिकारीहरूले निर्माण कार्य सम्पन्न गरे पश्चात संलग्न कबुलियतनामा अनिवार्य रूपमा पेश गरेपछि मात्र भुक्तानी दिइने छ। कबुलियतनामामा सम्वन्धित वडाका वडा अध्यक्ष र सदस्यहरूको रोहवर अनिवार्य हुनुपर्नेछ।

CamScanner